स्थानीय राजपत्र
बेलडाँडी गाउँपालिकाद्धारा प्रकाशित
सूदुपश्चिम. प्रदेश, कञ्चनपुर, मंसिर २१ गते २०७७ साल
संख्या : २२
भाग–३

# गाउपालिका स्तरिय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७

गाउँकार्यपालिकाबाट पारित मिति २०७७।०७।२५

## परिचय:

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ जुन बिषेस ऐनको रुपमा रहेको छ। यस बिषेस ऐन लाई प्रभावकारी कार्यान्वयनगर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसार पसार

(नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ मानव बेचबिखनविरुद्धको स्थानीय समिति (गठनतथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाइ नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानीयतह सम्म समितीहरु गठनतथा परिचालन गर्ने ब्यवस्था गरेको छ । यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार बिगतमा केन्द्रीय समिती, जिल्लासमिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आयको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसार पसार लाइ नियन्त्रण गर्ने बिबिध कार्यहरु गरिरहेको छ । यसै अनुसार स्थानीय स्तरमामानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मननगर्दै गाउपालिका स्तरिय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणकालागि यो कार्यविधि तयार पारिएको हो ।

नेपालको संविधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लागाउन पाइने छैन भनि स्पष्टउल्लेख गरिएको छ । साथै संघीय राज्यको ब्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४



CamScanner

अर्न्तगत स्थानीयतह संचालनहुदै आइरहेका छन । उक्त ऐनको दफा १४ मास्थानीय सरकारले विभिन्नी वषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताविक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउपालिका स्तरीय तथा वडास्तरीय समिती गठन गरिने छ।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषणबिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लगाउन पाइने छैन भनि स्पष्टउल्लेख गरिएको छ । साथै संघीय राज्यको व्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानीयतह संचालनहुदै आइरहेका छन । उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने व्यवस्था रहेकाले बेल्डाडी गाउपालिकाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि २०७७ जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ: (१)यस कार्यविधिको नाम मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती (गठनतथा परिचालन) कार्यविधि २०७७ रहने छ ।

(२). यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) 'ऐन'भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले मानव बेचबिखन तथा ओसार पसार ( नियन्त्रण) नियमावली २०६५, सम्झनु पर्दछ ।

(ग) "स्थानीयतह" भन्नाले बेल्डाडी गाउपालिका सम्झनु पर्दछ ।

(घ) "वडाकार्यालय " भन्नाले बेल्डाडी गाउपालिका वडा नं १ देखि ५ नम्बर सम्मका सबै वडाकार्यालय सम्झनु पर्दछ ।

(ङ) "समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती सम्झनु पर्दछ ।

(च) "गाउपालिकालस्तरीय समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण बेल्डाडी गाउपालिका स्तरीय समिती सम्झनु पर्दछ ।

(छ)"वडा समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण बेल्डाडी गाउपालिकाका वडा नं १ देखि ५ नम्बर सम्मका सबै वडामा गठित समिती सम्झनु पर्दछ ।

CamScanner

## परिच्छेद - २

## गाउपालिका स्तरीय समिती

**(३) मानवबेचबिखन तथा ओसार पसार नियन्त्रण गाउपालिका स्तरीय समितीको गठन देहायब मोजिम हुनेछ ।**(१). गाउपालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, स्थानीय बाल सन्जाल, बाल संरक्षण समिति, स्थानीयपत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयमसेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका,स्थानिय प्रहरी आदिको उपस्थितीमा गाउपालिकास्तरीय भेलागर्ने । उक्त भेला गाउपालिकाको अध्यक्षको अध्यक्षतामाबस्ने छ । (२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी गाउपालिका स्तरिय समितिगठन गर्नेछ ।

**(४) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाउपालिका स्तरीय समिती सम्वन्धि व्यबस्था देहाय बमोजिम हुनेछ ।** (१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखनविरुद्धको स्थानीय समिति ( गठनतथा परिचालन) निर्देशिका २०६५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसार पसार लाई नियन्त्रण गर्नका लागि बेल्डाडीगाउपालिकामा देहायबमोजिमको गाउपालिका स्तरीय समिती रहनेछ ।

**तपसिल :**

1. संयोजक: गाउपालिका अध्यक्ष
2. सदस्य :न्यायीक समितिको संयोजक
3. सदस्य: प्रमुख, स्थानीयप्रहरी कार्यालय
4. सदस्य :प्रधानाध्यापक वा निजले तोकेको शिक्षक( स्थानीयतहभित्रका सबैभन्दाउच्चतहको कुनै एक विद्यालय)
5. सदस्य:संयोजक,गाउ स्तरिय बालक्लव
6. सदस्य:प्रमुख,स्वास्थ्यशाखा
7. सदस्य:संयोजक, रोजगार सेवातथा सुचना केन्द्र
8. सदस्य:प्रमुख, शिक्षाशाखा,
9. सदस्य:प्रमुख, कृषिशाखा
10. सदस्य:प्रतिनीधि,स्थानीयदलित महिला
11. सदस्य:प्रतिनीधि, स्थानीय महिला समूह
12. सदस्य:प्रतिनीधि, उद्योग वाणिज्य संघ
13. सदस्य : बेचबिखन तथा ओसारपसार विरुद्धकोक्षेत्रमा कामगर्ने गैसस संस्थाको प्रतिनिधि १ जना
14. सदस्य:मानव बेचबिखनतथाओसारपसार पीडितव्यक्तिहरु मध्येबाट सम्वनिधत स्थानीयतहले मनोनीत गरेको एक जना सदस्य- उपलव्धभएसम्म)
15. सदस्य सचिव:प्रमुख, सामाजिकविकास शाखा /महिला तथा बालबालिका शाखा

CamScanner

(५) गाउपालिकास्तरीय समितीले कानुनी संरचनगत, कार्यविधीगत तथा अन्य आवश्यक विषयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिती, सुदूरपश्चिमप्रदेशको सामाजिकविकास मन्त्रालय, महिलावालवालीका तथा जेष्ठनागरीक मन्त्रालय लगायत सम्वन्धित निकाय संग समन्वय गर्नेछ ।

## परिच्छेद - ३

## गाउपालिकास्तरीय समितिको काम, कर्तव्य र अधिकार

(६) गाउपालिकास्तरीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ ।

1. मानवबेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
2. मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीयतहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने ।
3. पिडित सहायताकालागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीयतह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
4. स्थानीय स्तरमा पिडित सहायता तथा मानव बेचबिखन विरुद्दका कार्यक्रमहरु सञ्चालनगर्न मानव बेचबिखन विरुद्दको कोष स्थापना र सञ्चालन गर्ने ।
5. स्थानीयतहमा सभा सदस्यतथा सरोकारवालाहरुमा मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

CamScanner

1. स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालनगर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वयगर्ने ।
2. प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानवबेचबिखन विरुद्दको वडास्तरीय समितिगठन र परिचालन तथा सबलीकरण गर्ने ।
3. गाउपालिकास्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकताअनुसार सो भन्दाबढीपनि बस्न सक्नेछ ।
4. गाउपालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बालअधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रितकार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालनगर्ने ।

## परिच्छेद - ४

## वडा स्तरीय समिती

(७) **मानवबेचबिखनविरुद्दको वडा स्तरीय समितिकोगठन देहाय बमोजिम हुनेछ ।** (१) वडाको आयोजनामा स्थानीयमहिला समूह, लैङ्गिक हिंसा निवारणको लागिनिगरानी समूहबालक्लब, स्थानीयपत्रकार, समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम सेविकातथा स्थानिय विद्यालयका शिक्षकशिक्षिका ,स्थानियप्रहरी आदिको उपस्थितीमा वडा स्तरीय भेला गर्ने । उक्त भेला वडाअध्यक्षको अध्यक्षतामा बस्ने छ । (२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी वडा स्तरिय समितिगठन गर्नेछ ।

(८) वडा स्तरीय समिती सम्वन्धिव्यवस्थादेहायबमोजिमहुनेछ ।

(१)स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने व्यवस्था रहेको र मानव बेच बिखन तथा ओसारपसार नियन्त्रणकालागिजोशीपुरगाउपालिकाले प्रत्यकवडामादेहायबमोजिमको वडा स्तरीय समितीगठन गर्नेछ ।

तपसिल :

1. संयोजक: वडाअध्यक्ष, (वानिजले तोकेको व्यक्ति)
2. सदस्य: महिला प्रतिनिधि, वडा स्तरीय
3. सदस्य: सिमान्तकृत तथादलित समुदायबाट महिला
4. सदस्य: महिला समुह/किशोरी समुह
5. सदस्य: बालक्लब
6. सदस्य: प्रधानाध्यापक, स्थानीयतह भित्रका सबैभन्दा उच्चतहको विद्यालय
7. सदस्य: प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र
8. सदस्य: स्थानीयप्रहरी कार्यालय
9. सदस्य: स्थानीयतहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना
10. सदस्य: मानव बेचबिखन तथा ओसारपसार पीडितव्यक्तिहरु मध्येबाट सम्वन्धीत स्थानीयतहले मनोनीत गरेको एक जना सदस्य -उपलब्ध भए सम्म)
11. सदस्य सचिव:वडा सचिव

CamScanner

## परिच्छेद - ५

## वडा स्तरीय समितिकोकाम, कर्तव्य र अधिकार

(९) वडा स्तरीय मानव बेचबिखनविरुद्दको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ ।

1. मानवबेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
2. आफनो कार्यक्षेत्र भित्र पिडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पिडित सहायताकालागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
3. स्थानीयतहमा सभा सदस्यतथा सरोकारवालाहरुमा मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमताविकास गोष्ठी सञ्चालन गर्ने ।
4. वडा स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यक्ताअनुसार सो भन्दाबढीपनिबस्न सक्नेछ ।

आज्ञाले
गणेशदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत



CamScanner